नेपाल सरकार

# संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

(सामाजिक समावेशीकरण तथा सामाजिक सुरक्षा शाखा)

फोनः०१-४२००३३१
०१-४२००३३२
www.mofald.gov.np

प.सं.: ०७५/७६
च.नं.: ४२

Email: siss2075@gmail.com
सिंहदरबार, काठमाण्डौं ।

नेपाल सरकार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सिंहदरबार, काठमाण्डौं

मिति : २०७५।०६।२२

श्री स्थानीय तह (सबै)

**विषय : लागू औषध निषेध तथा मदिरा नियन्त्रण सम्बन्धी क्रियाकलाप कार्यान्वयन सम्बन्धमा ।**

उपरोक्त सम्बन्धमा गृह मन्त्रालयको च.नं. २०१, मिति २०७५।०६।१८ को पत्र बमोजिम लागूऔषध निषेध तथा मदिरा नियन्त्रण सम्बन्धी राष्ट्रव्यापी विशेष अभियान सञ्चालन गरिने प्रक्रियामा रहेकोमा सो सन्दर्भमा स्वस्थ्य, सभ्य, सदाचारी र अपराधमुक्त समाज निर्माण अभियान, २०७५ को अवधारणा यसैसाथ संलग्न गरी पठाइएको छ ।सो अवधारणा बमोजिम हुने गरी गर्न गराउन प्रत्येक वडामा **'वडास्तरीय लागू औषध निषेध तथा मदिरा नियन्त्रण सम्बन्धी सचेतना अभियान समिति'** गठन गर्नु गराउनु हुन अनुरोध छ ।

बन्दना कर्ण
शाखा अधिकृत

बोधार्थ :
श्री सुचना शाखा तथा प्रविधि शाखा : website मा upload गरिदिनुहुन ।

मा स न वा मा सु वा

नेपाल सरकार

# गृह मन्त्रालय

(लागू औषध नियन्त्रण शाखा)

फोन नं. ०१-४२११२२२
०१-४२११२८४
फ्याक्स ०१-४२११२८३
ई-मेल: drug@moha.gov.np
Website: www.drugportal.gov.np
सिंहदरबार,
काठमाडौं, नेपाल।

पत्र संख्या:- ०७५/७६
प्राप्त पत्र संख्या र मिति:-
च.नं.:- २०१

मिति: २०७५/०६/०९

विषय : लागू औषध निषेध तथा मदिरा नियन्त्रण सम्बन्धी क्रियाकलाप कार्यान्वयन सम्बन्धमा ।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
दर्ता नं.:- २०६
मिति:- २०७५।६।१५

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं ।

उपरोक्त सम्बन्धमा लागूऔषध तथा मदिराको सेवनका कारण व्यक्तिको स्वास्थ्य मात्र नभई परिवार, समाज र राष्ट्रलाई नै गम्भीर क्षति पुऱ्याइरहेको छ । सरकारी तथा गैर सरकारी तवरबाट यसको रोकथामका लागि विभिन्न प्रयासहरु भैरहेको भएता पनि अपेक्षित रुपमा उपलब्धि हासिल भने हुन सकेको छैन । बढ्दो सामाजिक अपराध एवं महिला हिंसा, बलात्कार समेतमा लागू औषध तथा मदिराको हानिकारक सेवन कारकको रुपमा रहेको पाइएको छ । यसको सेवनबाट व्यक्तिमा पर्ने शारीरिक, मानसिक असर साथै समग्रमा यसको आर्थिक, सामाजिक एवं सांकृतिक दुर्गुणको अन्त्यको लागि जनचेतना अभिवृद्धि एवं कानुन कार्यान्वयन प्रभावकारी तुल्याउन एकीकृत र समन्वयात्मक प्रयास जरुरी भएको छ ।

यसै सन्दर्भमा मा. गृह मन्त्रीज्यूको उपस्थितिमा सातै प्रदेशमा आगामी हप्तामा लागूऔषध निषेध तथा मदिरा नियन्त्रण सम्बन्धी राष्ट्रव्यापी विशेष अभियान संचालन गरिने कार्यक्रम तय भएको छ । सोहि अवसरमा संलग्न अवधारणा पत्र बमोजिम प्रत्येक वडामा **"वडास्तरीय लागू औषध निषेध तथा मदिरा नियन्त्रण सम्बन्धी सचेतना अभियान समिति"** यथाशिघ्र गठन गरी निर्धारित मिति अगावै कार्यक्रमको शुभारम्भ समेत गरी सोको जानकारी/प्रगति यस मन्त्रालयमा उपलब्ध गराउने व्यवस्थाका लागि नेपाल सरकार (मा. मन्त्रीस्तर) मिति २०७५/०६/०७ को निर्णयानुसार सादर अनुरोध छ ।

नोट : मा. मन्त्रीज्यूको उपस्थितिमा हुने कार्यक्रमको कार्यतालिका पछि प्रेषित गरिने छ ।

(गोमादेवी चेम्जोंग)
उपसचिव

ले.इ.शा.पु. २।१ ... निर्णय अनुसार गर्ने गरी ... पठाउँ ।

## स्वस्थ्य, सभ्य, सदाचारी र अपराधमुक्त समाज निर्माण अभियान २०७५

### पृष्ठभूमि: विकास, समृद्धि र समाजिक सुधार अभियान

मुलुकको विकास र समृद्धिको यात्रामा प्रसस्त सम्भावनाहरु रहेको भए तापिन समाजमा गहिरो गरी जरा गाडेको केही मुलभूत अवरोध, विकृति, विसंगित र व्यवहारहरुका कारण राज्यले लिएको सदिच्छा र जनचाहना सजिलै पूरा गर्न सक्ने देखिदैन। समाजमा रहेका कैयन विकृति, विसंगती र कुसंस्कारहरुलाई नियन्त्रण नगरी नेपाली जनमानसले अपेक्षा गरेको विकास र समृद्धि हासिल हुन नसक्ने भएकाले स्वस्थ्य, सभ्य, सदाचारी र अपराधमुक्त समाज निर्माणको अभियानमा लाग्नु अपरिहार्य भएको छ ।

समाज र नागरिकको स्वास्थ्य, सदाचारिता र शान्ति तथा अमन चैनमा व्यक्तिको व्यवहार, नागरिक कर्तव्य र अगुवाहरुको भूमिका विशेष रहन्छ । स्वस्थ्य सभ्य सदाचारी र अपराधमुक्त समाज निर्माणको लागि व्यक्तिको शारिरिक मानसिक र मनोवैज्ञानिक पक्षहरुमा नकारात्मक असर पुऱ्याउने तत्वहरुको पहिचान जरुरी छ । यस क्रममा लागू पदार्थको दुर्व्यसन व्यक्तिको मनोसामाजिक व्यवहारलाई विकृत र अपराधतर्फ उन्मुख गराउने एक प्रमुख कारकको रुपमा रहेको पाइन्छ ।

एकातिर लाखौंको संख्यामा यूवा जनशक्ति मदिरा र लागू औषधको दलदलमा फसेर निकम्मा भइरहेको छ भने अर्को तर्फ यसका कारण आर्थिक र सामाजिक क्षतिको पूर्तिको लागि समेत राज्यले लगानी गर्नु परेको छ । सामाजिक अपराध हिसा हत्या बलत्कार जस्ता जघन्य अपराधका घटनामा समेत लागू पदार्थको दुर्व्यसन एक प्रमुख कारकको रुपमा रहेको अवस्था छ । तसर्थ यो अवस्थामा व्यापक सुधार गर्न सकिए मात्र मुलुकको विकास र समृद्धिको अभियानले साकार रुप पाउने विश्वास गरिएको छ ।

### लागू पदार्थको दुरुपयोग/ दुर्व्यसन (Substance Abuse)

मानिसमा लत सिर्जना गरी दुर्व्यसनी तुल्याउने वस्तु वा पदार्थ लागू पदार्थ हो । सामान्यतया शारीरिक र मानसिक स्वास्थ्य, चेतना र अनुभूतिलाई विकृत तुल्याउने पदार्थलाई लागू पदार्थ भनिन्छ ।यस्ता पदार्थले मानिसको केन्द्रिय स्नायू प्रणालीमा प्रभाव पार्नुका साथै उसको भावना र सोचाईमा परिवर्तन ल्याउँदछ ।

World Health Organization का अनुसार लागू पदार्थ भन्नाले कुनै पनि किसिमको रासायनिक वस्तु, पदार्थ जुन स्वस्थ्य शरीरका लागि प्रयोग गर्न आवश्यक छैन र यसको प्रयोगले शारीरिक, मानसिक कार्य तथा बनावटमा परिवर्तन ल्याउन सक्छ भनी उल्लेख भएको पाइन्छ ।

लागू पदार्थ अन्तरगत वैध र अवैध लागू पदार्थहरु पर्दछन । सूर्तिजन्य पदार्थ र मदिरा वैध पदार्थहरु हुन भने लागू औषध नियन्त्रण ऐन २०३३ बमोजिमका औषध तथा रसायनहरु अवैध पदार्थ हुन । वैध र अवैध पदार्थको दुर्व्यसन नियन्त्रण र नियमन छुट्टा छुट्टै कानून बमोजिम गरिन्छ, जसलाई आपूर्ति नियन्त्रण भनेर बुझिन्छ । सेवन र कारोवारको नकारात्मक असर र प्रभावहरु आमजनमानसमा प्रचार गरी यसको माग घटाउने अभियानलाई माग घटाउ अभियान भनिन्छ । कानूनी नियन्त्रणमा वैध र अवैध लागू पदार्थको लागि छुट्टै व्यवस्था भए तापनि माग घटाउको सन्दर्भमा यी दुवै पदार्थ र अन्य समाजिक विकृति विरुद्ध एकै साथ र उस्तै तरिकाहरुबाट अभियान सञ्चालन गर्न सकिन्छ ।

क) अवैध लागू औषध दुर्व्यसन

नेपालमा लागु पदार्थको उत्पादन, ओसार पसार, विक्रि वितरण, सञ्चय र सेवनलाई दण्डनीय अपराधको रुपमा परिभाषित गरिएको छ ।यस अपराधको समाजमा मुख्यतय आपराधिक र सामाजिक दुईवटा आयाम रहेको पाइन्छ । दुवै आयामबाट हेर्दा यो अपराध नेपालमा एक गम्भीर समस्याको रुपमा देखा परेको छ । विगत तीन वर्षको अपराध तथ्याङ्कलाई हेर्दा देशभर दर्ता भएका कुल मुद्दा मध्ये करिब सात प्रतिशत लागु औषध अपराधमा मुद्दा दर्ता रहेको अवस्था छ । नेपालमा हुने लागु औषध अपराधमा सेतो/खैरो हेरोईन, कोकिन, गाँजा, चरेस तथा औषधी जन्य मनोद्दिपक पदार्थहरु प्रमुख रहेका छन् । गाँजा तथा अफिमको अवैध उत्पादन नेपालका ग्रामिण भेगहरुमा हुने गरेको पाईन्छ भने सेतो हेरोईन पाकिस्तान, अफगानिस्तान र कोकिन दक्षिण अमेरिकन मुलुकहरुबाट नेपाललाई ट्रान्जीटको रुपमा प्रयोग गरि अन्य मुलुकहरुमा यसको अवैध कारोबार हुने गरेको देखिन्छ । त्यसै गरि नेपाल भारत विचको खुला सीमानाको फाईदा उठाउँदै औषधिजन्य लागु पदार्थ जस्तै बुप्रिनर्फिन, फेनार्गन, डाईजेपाम, ट्रामाडोल, नाईट्राभेट तथा खैरो हेरोईन समेत नेपाल भित्रिने गरेको छ जसको नेपालमा अत्याधिक दुर्व्यसन एवं कारोबार हुने गरेको छ । नेपाल प्रहरीमा रहेको पक्राउ तथा बरामदीको त्रिवर्षीय (सन् २०१५/२०१६/२०१७) तथ्याङ्क अनुसार पनि औषधिजन्य लागु पदार्थको क्रमिक रुपमा वृद्धि भईरहेको देखिन्छ ।

तालिका १ : नेपालमा लागू औषध दुर्व्यसनको अवस्था

| लागू औषध दुर्व्यसनीको संख्या | वि.सं. २०६३ | वि.सं. २०६९ | वार्षिक बृद्धिदर | वि.सं. २०७४ को अनुमान |
|---|---|---|---|---|
| | ४६३०९ | ९१५३४ | ११.३६% | १५६००९ |

केन्द्रीय तथ्याङ्क विभागको सर्वेक्षण २०६३ र २०६९ को आधारमा नेपालमा वर्षेनी ११.३६ % ले लागु औषध दुर्व्यसनीहरुको वृद्धि हुने गरेको देखिन्छ जसअनुसार हाल करिब १५६००० जना दुर्व्यसनी रहेको छ जुन कूल जनसंख्याको ०.५% हो । ती मध्ये ५७% दुर्व्यसनीहरुले सुईको माध्यमबाट र ४७% ले अन्य माध्यमबाट औषधीजन्य लागु पदार्थहरु प्रयोग गरिरहेको पाइएको छ ।सुईको प्रयोग गर्ने युवा दुर्व्यसनीहरु एच.आई.भि., हेपाटाईटीस लगायतका रोगको शिकार भएका कारण पारिवारिक, आर्थिक र सामाजिक असर परिरहेको छ । देशको अमुल्य जनशक्ति युवा पिढी लागु औषध दुर्व्यसनको चपेटामा पर्न गई देशको ऊन्नती, प्रगती एवं समृद्धिमा समेत बाधा पुग्न जाने खतरा रहेको छ ।

### ख) मदिरा र मदिराजन्य पदार्थ

जनस्वास्थ्य एवं शान्ति सुरक्षा र अमनचयनमा नकारात्मक असर पार्ने यथार्थका बावजुद विश्वका विभिन्न मुलुकहरुमा जस्तै नेपालमा पनि मदिराको कारोबार तथा सेवन व्यापक रुपमा हुने गरेको पाइन्छ । स्टेप्स सर्भे नेपाल, २०१३ को अनुसार नेपालमा मदिरा सेवनको दर (Prevalence) पुरुषमा २८ प्रतिशत र महिलामा ७.१ प्रतिशत रहेको देखाएको छ । मानिसको मृत्युको प्रमुख कारण र महिला हिंसा लगायतको सामाजिक अपराधको एक प्रमुख कारकको रुपमा रहेको मदिरा सेवनले समाजमा शान्ति, सुरक्षा, सुव्यवस्था, अमनचयन, नागरिकको सदाचार, स्वास्थ्य, सुविधा तथा आर्थिक पक्षमा ठूलो क्षति पुऱ्याइरहेको छ । मुलुक भित्रका केही समुदायमा रहेको परम्परागत सामजिक सांस्कृतिक मान्यता र विश्वव्यापी रुपमा समेत रहेको 'मदिरा संस्कृति' र सो को देखासिकीले समाजलाई नराम्ररी प्रभावित पारेको छ ।नेपाली समाजमा गहिरो गरी जरा गाडिसकेको 'मदिरा संस्कृति' लाई नियन्त्रण गर्नु चुनौतिपूर्ण रहेको भए तापनि स्वस्थ र सबल समाजको निर्माणको लागि मदिरा उत्पादन विक्री वितरणलाई व्यवस्थित र हानिकारक सेवनलाई नियन्त्रण गर्न अत्यावश्यक भएको छ ।

सरकारी तथा गैर सरकारी तवरबाट अवैध मदिरा उत्पादन, वेचविखन र प्रयोगमा नियन्त्रण गर्ने बिभिन्न प्रयास भई आएको भए पनि अपेक्षित नतिजा हासिल गर्न सकिएको छैन । वरु मदिरा उत्पादन, वेचविखन तथा उपभोग निरन्तर वढि रहेको छ । वर्षेनी नेपालमा ठूलो धनरासीको मदिरा आयात भईरहेको छ ।घरेलु मदिरा उत्पादन विक्री वितरण तथा सेवनमा कमी आएको छैन । उपभोगको दृष्टकोणले बैध भन्दा अवैध मदिराको प्रयोग बढी भएको अनुमान छ । धार्मिक तथा साँस्कृतिक प्रयोजनको कारण देखाई घरेलु मदिराको उत्पादन, वेचविखन तथा सेवनलाई नियन्त्रण गर्न कठिनाई भएको छ ।परम्परागत रुढीवादी संस्कारले पनि यसलाई प्रश्रय दिइरहेको छ।मदिरा उत्पादन, विक्रीवितरण र सेवनले नागरिकको स्वास्थ्य सदाचार सामाजिक सद्भाव, अनुशासन, शान्ति सुरक्षा सुव्यवस्था, अपराध नियन्त्रण लगायतका समाजको समग्र क्षेत्रलाई नराम्ररी प्रभावित पारेको छ ।मुलुकलाई प्राप्त हुने राजश्वको तुलनामा समाजको समग्र क्षेत्रमा यसले पार्ने दुरगामी नकरात्मक प्रभाव धेरै बढि छ । मदिरा सेवनले व्यक्ति स्वयं, परिबार, समाज तथा देशलाईनै क्षति पुऱ्याएको छ ।

### स्वस्थ्य सभ्य सदाचारी र अपराधमुक्त समाजको निर्माणका लागि मदिरा र मदिराजन्य पदार्थको सेवन नियन्त्रण र लागू औषध कारोवार तथा दुर्व्यसन निषेध अभियान २०७५

| क्र. स. | क्रियाकलाप | जिम्मेवारी र कार्यान्वयन तरिका | समय सीमा |
|---|---|---|---|
| १ | सवै स्थानीय तहहरुमा यस अभियानको आरम्भ गर्न अपिल र अनुरोध गर्ने (संलग्न अवधारणा र क्रियाकलापका बुँदाहरु अनुसार अनुसूचि क) | गृह मन्त्रालयको अवधारणा पत्र र बुँदाहरु अनुसार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले समन्वय गर्ने र सोको प्रगति गृह मन्त्रालयले अभिलेख राख्ने | असोज ५ गते भित्र |
| २ | प्रमुख जिल्ला अधिकारीहरुलाई मौजुदा कानूनी व्यवस्था अनुसार नियन्त्रण अभियानलाई नतिजमुखी र प्रभावकारी ढंगले कार्यान्वय गर्न निर्देशन दिने (अनुसूचि ख अनुसार ) | गृह मन्त्रालयले परिपत्र गर्ने र मासिक प्रगतिको अभिलेख राख्ने | असोज ६ गतेभित्र |
| ३ | स्थानीय तह र प्रमुख जिल्ला अधिकारी लाई लेखी पठाइएको संलग्न बमोजिमको व्यहोरा मुख्य मन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा लेखी पठाउने | गृह मन्त्रालय | असोज ५ गते भित्र |

| | | | |
|---|---|---|---|
| ४ | मदिरा तथा मदिराजन्य पदार्थको उत्पादन विक्रि वितरणमा नियमन तथा हानिकारक सेवनको नियन्त्रणका लागि तत्काल कार्यान्वयन गर्नु पर्ने नीतिगत र व्यवहारिक क्रियाकलापहरु तयार गरी नीतिगत निर्णयका लागि नेपाल सरकारसमक्ष पेश गर्ने । | गृह मन्त्रालय | असोज ७ गते भित्र |
| ५ | प्रदेश स्तरीय अभियान संचालनको पूर्व तयारी वैठक आयोजना गर्ने | गृह मन्त्रालय | असोज ८ गते भित्र |
| ६ | मा. गृह मन्त्रीज्यूको विशेष उपस्थितिमा प्रदेशस्तरीय अभियान समारोह आयोजना गर्ने (कार्यक्रमको विस्तृत खाका बमोजिम। | गृह मन्त्रालय | असोज १४ गते |
| ७. | प्रथम चरणको अभियान प्रारम्भ गर्ने | स्थानीय तह, सबै वडाहरुमा एकै दिन एकै समयमा | असोज १५ गतेबाट |

अनुसूचि क

## क) स्थानीय तहले सम्पादन गर्ने क्रियाकलापहरु

१.सबै स्थानीय तहहरुले लागू औषध निषेध तथा मदिरा एवं मदिराजन्य पदार्थको उत्पादन, बिक्री वितरण नियमन तथा हानिकारक सेवन नियन्त्रण सम्बन्धी स्थानीयस्तरको कार्ययोजना तयार गरी कार्यान्वयन गर्ने

२.स्थानीय तहबाट संचालन गरिने सम्पूर्ण तालीम पाठ्यक्रममा लागू औषध निषेध तथा मदिरा उत्पादन, बिक्री वितरणमा नियमन तथा हानिकारक सेवनमा नियन्त्रणको विषय अनिवार्य रुपमा समावेश गर्ने

३.लागू औषध निषेध तथा मदिरा सेवन नियन्त्रणका लागि सबै स्थानीय तहमा सरोकारवलाहरुको सहभागितामा वडास्तरीय लागू औषध निषेध तथा मदिरा नियन्त्रण सम्बन्धी सचेतना अभियान समिति गठन गरी परिचालन गर्ने

४.स्थानीय तहका जनप्रतिनिधिहरू तथा प्रमुख प्रशासकीय अधिकृतहरुका लागि मदिरा तथा लागू औषधको दूर्व्यसनबाट हुन सक्ने सबै किसिमका नोक्सानका बारेमा छुट्टा छुट्टै अभिमुखीकरण/अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्ने

५.स्थानीय तहको नेतृत्वमा यस क्षेत्रमा काम गर्ने गै स स, आमा समूह, स्वयमसेवी महिला, युवा तथा बाल क्लब लगायतका संघ संस्थाहरु र सरकारी निकायहरुको साझेदारी, सहयोग र समन्वयमा लागू औषध निषेध तथा मदिरा सेवन नियन्त्रण सम्बन्धी र्‍याली, सभा, गोष्ठी र छलफल जस्ता कार्यक्रमहरु गरी सचेतना अभियान सञ्चालन गर्ने

६.सबै स्थानीय तहले स्वस्थ्य, सभ्य र अपराधमुक्त समाज निर्माणमा वाधा पुर्याउने मदिरा सेवन एवं लागू औषध दूर्व्यसनको नियन्त्रण र अन्य सामाजिक कुरीति/विकृति अन्त्य गर्न लागू औषध तथा मदिरा सेवन नियन्त्रण सम्बन्धी संघीय नीति र कानूनसंग तादाम्यता हुने गरी सबै प्रदेश तथा स्थानीय तहले मदिरा तथा लागू औषध अपराध नियन्त्रण सम्बन्धी योजना, कार्यक्रम तथा वजेट व्यवस्था गरी कार्यान्वयन गर्ने

७.स्थानीय तहमा मदिरा सेवन तथा लागू औषध दुर्व्यसनबाट पर्ने असर झल्किने सडक नाटक प्रदर्शन तथा सांगितिक कार्यक्रम आदि प्रदर्शन गर्ने

८.मदिरा तथा लागू औषध अपराध नियन्त्रण सम्बन्धमा स्थानीय संचार माध्यमसंगको साझेदारीमा सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने

९.विमानस्थल, बसपार्क तथा राजमार्गमा मदिरा नियन्त्रण तथा लागू औषध निषेध सम्बन्धी विद्दुतीय माध्यमबाट चेतनामूलक तथा सन्देशमूलक सूचना निरन्तर Display/ प्रशारण गर्ने

१०. प्राकृतिक तथा व्यवसायिक रूपमा गाँजा तथा अफिम खेती हुने स्थानको पहिचान गरी जनसहभागितामा नष्ट अभियान सञ्चालन गर्ने


११.सडक बालबालिकाहरूलाई लागू औषध अपराधमा संलग्न हुन नदिन यिनीहरूको पहिचान, उद्दार र व्यवस्थापन गर्ने

१२. सबै स्थानीय तहले लागू औषध अपराधको सूचना संकलन तथा आदान प्रदान गर्ने

१३.प्रत्येक स्थानीय तहले आफ्ना क्षेत्रभित्रका विद्यालयका शिक्षक तथा प्राचार्यहरुका लागि लागू औषधको दूर्व्यसन तथा मदिरा सेवन नियन्त्रण सम्बन्धी अनुशिक्षण कार्यक्रम संचालन गर्ने

१४.मदिरा नियन्त्रण तथा लागू औषध निषेध सम्बन्धी स्थानीय कार्ययोजना बमोजिमका अन्य कार्यहरु गर्ने

१५.अनुगमन तथा प्रतिवेदन देहायको संरचना अनुरुप गर्ने


नेपाल सरकार
गृह मन्त्रालय
(लागू औषध नियन्त्रण शाखा)
मा.गृह मन्त्रीज्यूको अध्यक्षतामा सरोकारवाला सहितको लागू औषध र मदिरा उत्पादन, वितरण तथा सेवन नियन्त्रण सम्बन्धी केन्द्रिय अनुगमन तथा निर्देशन समिति
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
आन्तरिक मामिला तथा कानून मन्त्रालय र सम्बन्धित मन्त्रालयहरु तथा अन्य निकायहरु
अनुगमन तथा निर्देशन समिति
प्रमुख जिल्ला अधिकारी
जिल्ला समन्वय समिति
संघीय, मामिला तथा सामान्य प्रशासन मन्त्रालय
स्थानीय तह
प्रमुख/अध्यक्ष वा निजले तोकेको जनप्रतिनिधिको संयोजकत्वमा जि.अ.ले तोकेको प्रतिनिधि र सरोकारवालाहरु सम्मिलित
अभियान संचालन अनुगमन तथा समन्वय समिति
वडा अध्यक्षको संयोजकत्वमा
वडास्तरीय अभियान संचालन समिति
कार्यान्वयन
संकेत
नीतिगत मार्गदर्शन र अनुगमन
प्रगतिको संकलन/एकिकरण/प्रतिवेदन एवं समन्वय
प्रगति प्रतिवेदन

अनुसूचि ख

## ख) मदिरा उत्पादन, बिक्री वितरणमा नियमन तथा हानिकारक सेवनमा नियन्त्रणको लागि प्रमुख जिल्ला अधिकारी मार्फत तत्काल कार्यान्वयन गर्न सकिने क्रियाकलापहरु

१. मदिरा बिक्री वितरणको इजाजत प्राप्त पसलबाट इजाजत पत्रमा उल्लेखित शर्त विपरीत हुने गरी अन्य उपभोग्य वस्तु बिक्री वितरण भएको पाइएमा र मदिरा बिक्री वितरणको लागि इजाजत पत्र नलिई मदिरा बिक्री गरेको पाइएमा अनुगमन गरी तत्काल कारवाही गर्ने

२. सार्वजनिक स्थानमा मदिरा वा मदिराजन्य पदार्थ सम्बन्धी होर्डिंग बोर्ड, पर्चा पोष्टर टास्न, वितरण गर्ने कार्यलाई नियन्त्रण गर्ने

३. प्लाष्टिकको पाउचमा मदिरा राखि, प्याकेजिङ्ग गरी उत्पादन तथा बिक्री वितरण निषेध गर्ने

४. मदिरा ऐन, २०३१ को दफा ४ अनुसार इजाजतपत्र प्राप्त व्यक्तिले इजाजतपत्रमा उल्लिखित शर्त विपरित होटल, बार, रेष्टुरेन्ट सञ्चालन र मदिरा बिक्री वितरण गरे/नगरेको अनुगमन गरी कारवाही गर्ने

५. मदिरा सेवन गरेको व्यक्तिलाई सार्वजनिक सवारी साधन, अस्पताल, विद्यालय, कलेज तथा सार्वजनिक निकायमा प्रवेश निषेध गर्ने

६. मादक पदार्थ सेवन गरी सार्वजनिक सवारी साधन चलाउने सम्बन्धमा अनुगमन गरी सवारी चालक उपरको कारबाहीलाई थप प्रभावकारी बनाउने साथै सबै स्थानीय तहसम्म कारवाहीको अभियानलाई विस्तार गर्ने

७. स्थानीय तहसंगको समन्वयमा मदिरा उत्पादन, बिक्री वितरणमा नियमन तथा हानिकारक सेवनमा नियन्त्रणको लागि सरोकारवालाको सहभागितामा विशेष अभियान सञ्चालन गर्ने

८. जिल्ला स्तरमा रहेका मदिरा उत्पादन, आयात तथा बिक्री वितरण गर्ने स्थान, उद्योग/व्यक्तिको अभिलेख, बिक्री वितरण गर्ने स्थान, उद्योगपतिको अभिलेख (वैधानिक तथा अवैधानिक) तयार गरी अध्यावधिक गरी सो को नियमित रुपमा गृह मन्त्रालयमा पठाउने व्यवस्था गर्ने

९. लागू औषध निषेध तथा मदिरा एवं मदिराजन्य पदार्थको उत्पादन, विक्री वितरण नियमन तथा हानिकारक सेवन नियन्त्रण सम्बन्धी जिल्लास्तरीय कार्ययोजना तयार गरी कार्यान्वयन गर्ने

१०. मदिरा विक्री वितरण गर्ने होटल तथा रेष्टुरेन्ट र सरोकारवाला निकायसंग समन्वय गरी हरुसँग मदिरा विक्री गर्न पाउने निश्चित समयसीमा निर्धारण भएको आचार संहिता जारी गरी कार्यान्वयन गर्ने

११. प्रमुख जिल्ला अधिकारीबाट जिल्लास्तरी कार्यालय प्रमुखको बैठक तथा अन्य बैठकहरुमा पनि लागू औषध तथा मदिरा सेवनले आर्थिक, समाजिक क्षेत्रमा पार्ने नकारात्मक असर साथै यसको गाम्भीर्यतालाई प्रचार प्रसार गरी मदिरा सेवन विरुद्धको अभियान कार्यमा सहकार्यको लागि सबैलाई आव्हान गर्ने

१२. अठार वर्ष उमेर नपुगेको किशोर/किशोरी तथा गर्भवती महिलाले मदिरा सेवन गर्न नपाइने र अठार वर्ष भन्दा कम उमेर भएका बालबालिकाहरुलाई मदिरा विक्री वितरण नगर्ने

१३. डिपार्मेन्टल स्टोरले मदिराजन्य पदार्थ विक्री गर्ने प्रयोजनको लागि अलग्गै विक्री कक्षको व्यवस्था गर्ने